मिति २०८२/०३/२६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०३/२६ गते।

बैठक बसेको समयः अपराह्न १:०० बजे।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | (हस्ताक्षर) |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | (हस्ताक्षर) |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | (हस्ताक्षर) |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | (हस्ताक्षर) |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | (हस्ताक्षर) |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | (हस्ताक्षर) |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | (हस्ताक्षर) |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | (हस्ताक्षर) |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | (हस्ताक्षर) |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | (हस्ताक्षर) |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| | श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | सचिव, गाउँ कार्यपालिका | (हस्ताक्षर) |



CS CamScanner

मिति २०८२/०३/२६ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन शाखा |
| २. | धन्यवाद ज्ञापन सम्बन्धमा | योजना शाखा |
| ३. | स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ४. | सङ्घीय सशर्त अनुदानको रकम खर्च गर्ने सम्बन्धमा | आर्थिक प्रशासन शाखा |
| ५. | करार कर्मचारीको म्याद थप सम्बन्धमा | प्रशासन शाखा |
| ६. | रोजगार सेवा केन्द्रको जनशक्ति व्यवस्थापन सम्बन्धमा | रोजगार सेवा केन्द्र |
| ७. | स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा | पूर्वाधार विकास शाखा |
| ८. | भुक्तानी बाँकी योजना तथा कार्यक्रम सम्बन्धमा | योजना शाखा |

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०३/०९ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा सञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रम समयमा नै कार्यसम्पन्न गर्न सहयोग तथा समन्वय गर्नु भएकोमा सम्पूर्ण पदाधिकारीहरु, कर्मचारीहरु, राजनीतिक दलहरु, उपभोक्ता समितिहरु, निर्माण व्यवसायीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानको निकासा अनुमानित आय अनुरुप प्राप्त नभएको हुँदा सङ्घीय सशर्त तर्फको रकम आगामी आ.व.मा फिर्ता गर्ने गरी हाललाई खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध स्रोत साधन, औचित्य र

आवश्यकता समेत हेरी म्याद थप गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. ४-०८१/०८२, च.नं. ४१९, मिति २०८२/०२/०१ गतेको पत्रानुसार आगामी आ.व.२०८२/०८३ देखि यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायकको तलब प्राप्त नहुने र स्थानीय तह आफैले जनशक्ति व्यवस्थापन गर्नुपर्ने व्यहोराको जानकारी प्राप्त भएकोले उल्लिखित जनशक्ति यस गाउँपालिकाको स्रोतबाट व्यवस्थापन गरी सेवा निरन्तरता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा जिल्ला दररेट निर्धारण समिति सिन्धुलीले स्वीकृत गरेको आ.व.२०८२/०८३ को दररेटलाई मुख्य आधार लिई पूर्वाधार विकास शाखाबाट पेश हुन आएको यस गाउँपालिकाको आगामी आ.व.२०८२/०८३ को स्थानीय दररेट विषयमा बैठकमा दफावार छलफल भयो र पूर्वाधार विकास शाखाबाट पेश हुन आए बमोजिमको तीनपाटन गाउँपालिकाको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

**प्रस्ताव नं. ८** माथि छलफल गर्दा चालू आ.व.२०८१/०८२ मा कार्य सम्पन्न भई स्रोत अभावका कारण भुक्तानी हुन नसकेका संलग्न सूची अनुसारका योजना तथा कार्यक्रमहरुको भुक्तानी आगामी आ.व.२०८२/०८३ मा भुक्तानी स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

***उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।***